प्रति शेयर रु.१००/- अंकित दरको १३,१२,३३८ कित्ता हकप्रद शेयरको निष्कासन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

सर्वसाधारण लगानीकर्ताले यस हकप्रद निष्कासनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्कासनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू" पढी आफ्नो सो विवेकले दरखास्त दिएको हो।

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

कर्पोरेट कार्यालय, वकुलहर चोक, रत्नगर-१, चितवन, फोनः ०५६-५६१२५८/५६०६०८ फ्याक्सः ५६/५६१६७०

इमेलः info@ndbl.com.np वेभसाईटः www.ndbl.com.np

१ कित्ता शेयर बराबर नयाँ एक (१) कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः

निष्कासन खुल्ला मितिः २०७८/०९/०७ गते

निष्कासन बन्द हुने मितिः २०७८/०९/२७ गते

(बैकिङ्ग समय पश्चात्)

क्रेडिट रेटिङ्ग सम्बन्धी जानकारी

यस विवरण अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (तेस्रो संशोधन सहित) मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूर रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट इस्यूर रेटिङ्ग गराई "[ICRANP-IR] C+" (pronounced as ICRA NP Issuer rating single C+)" प्रमाणपत्र प्राप्त गरेको छ। "[ICRANP-IR] C+" ले समयमा वित्तीय दायित्व पूरा गर्न चुक्ने सम्बन्धमा ज्यादै उच्च जोखिम "(Considered to have Very High Risk of Default Regarding Timely Servicing of Financial Obligations)" भन्ने जनाउँछ। ईक्रा नेपाल लि.ले "ICRANP-IR AA" देखि "ICRANP-IR C+" सम्मको रेटिङ्ग प्रदान गर्दछ।

पुनः इस्यूर रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०७८/०८/१३ (तदनुसार नोभेम्बर २९, २०२१)

बहाल रहने अवधि : २०७९/०८/१२ (तदनुसार नोभेम्बर २८ २०२२)

डेभलपमेन्ट बैंकको विद्यमान चुक्ता पूँजी रु. १३,१२,३३,८००/- मा एक शेयर बराबर नयाँ एक (१ : १) शेयरको अनुपातमा रु.१००/- अंकित दरका १३,१२,३३८ कित्ता हकप्रद साधारण शेयर मिति २०७८/०८/२३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको।

हकप्रद शेयर निष्कासन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७८/०८/०३।

१. कम्पनीको नाम : नारायणी डेभलपमेण्ट बैंक लिमिटेड (Narayani Development Bank Ltd.)।

२. संगठित संस्थाका रजिष्टर्ड कार्यालय : यस डेभलपमेन्ट बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रत्ननगर १, टाँडी, चितवन नेपालमा रहेको छ।

३. कारोवार स्थान :

यस डेभलपमेन्ट बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अनुसार "ख" वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो। हाल यस डेभलपमेन्ट बैंकको चितवन जिल्ला, सौरहा चोक, रत्नगर-१, नेपाल स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय र विभिन्न भौगोलिक क्षेत्र समेटिने गरी तपसिल बमोजिमका शाखा कार्यालयहरूबाट समेत वित्तीय कारोवार गर्दै आईरहेको छ। नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशनको अधिनमा रही आवश्यकता अनुसार भविष्यमा शाखा उपशाखा वा अन्य कार्यालय खोली देशका अन्य भागमा पनि वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ।

तपसिल

क्र.स.	शाखाको नाम र ठेगाना	सम्पर्क नं.	प्रदेश नं.
१.	मुख्य शाखा, टाँडी, रत्ननगर-१, चितवन।	०५६-५६०६०८, ५६१२५८	प्रदेश नं. ३
२	यज्ञपुरी शाखा, वि.पि.के.एम.क्यान्सर हस्पिटल, भरतपुर-७, चितवन।	०५६-५९३८९५	प्रदेश नं. ३
३.	भरतपुर शाखा, भरतपुर-१०, हाकिमचोक, चितवन।	०५६-५२३०११	प्रदेश नं. ३

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

डेभलपमेन्ट बैंकको संक्षिप्त इतिहास : यस डेभलपमेन्ट बैंकले मिति २०५८ साल आश्विन १२ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा नारायणी औद्योगिक विकास बैंक लिमिटेडको नाममा कम्पनी दर्ताको प्रमाणपत्र प्राप्त गरेको थियो। बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम "ख" वर्गको वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०५८ साल असोज ३० मा स्वीकृति प्राप्त गरी मिति २०५८ कार्तिक १ गतेदेखि कारोवार सञ्चालन गर्दै आइरहेको छ। कम्पनीको मिति २०६४ चैत्र १५ मा सम्पन्न छैठौं वार्षिक साधारण सभाको निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी नारायणी डेभलपमेण्ट बैंक लिमिटेड राख्ने निर्णय भएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६५ साल बैशाख २३ गते सो को स्वीकृति प्राप्त भएको हो। यस डेभलपमेन्ट बैंकका संस्थापकहरुमा उद्योगी, व्यापारी, बैंकर, अधिवक्ता, निर्माण व्यवसायी, विज्ञापन एजेन्सीमा संलग्न व्यवसायी, मनी ट्रान्सफर व्यवसायी आदि रहेका छन्। यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेड मिति २०७०/१२/२७ गते देखी नेपाल राष्ट्र बैंकले समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी मिति २०७७/०४/२१ वाट समस्याग्रस्त वित्तीय संस्थाको सुचीवाट फुकुवा गरी बैंकिङ्ग कारोवार गर्न स्वीकृती प्रदान गरी नियमित बैंकिङ्ग कारोवार गर्दै आइरहेको छ।

डेभलपमेन्ट बैंकको मुख्य उद्देश्यहरु : यस डेभलपमेन्ट बैंकको प्रवन्ध पत्र तथा नियमावलीको दफा ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोबार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ।

(क) निक्षेपकर्ता तथा शेयरधनीहरुको हक हित संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सेवा उपलब्ध गराउने।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने।

(ग) उपलब्ध शीप, श्रम तथा पूँजी लाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने कार्यका लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने।

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकिकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्प्रर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

५. शेयर पूँजीको संरचना :

(क) **अधिकृत पूँजी :** यस डेभलपमेन्ट बैंकको अधिकृत पूँजी रु.५३,००,००,०००/- (अक्षरेपी त्रिपन्न करोड मात्र) रहेको छ। जसलाई प्रति शेयर रू.१००/- का दरले जम्मा ५३,००,०००/- (त्रिपन्न लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) **जारी पूँजी :** यस डेभलपमेन्ट बैंकको जारी पूँजी रु.२६,२४,६७,६००/- (अक्षरेपी छब्बीस करोड चौबीस लाख सतसी हजार छ सय मात्र) रहेको छ। जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा २६,२४,६७६ (छब्बीस लाख चौबीस हजार छ सय छहत्तर मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) **चुक्ता पूँजी :** हाल यस डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.१३,१२,३३,८००/- (अक्षरेपी तेह्र करोड बाह्र लाख तेत्तीस हजार आठ सय मात्र) रहेको छ। जसलाई प्रति शेयर अंकित मूल्य रु.१००/- का दरले जम्मा १३,१२,३३८ (तेह्र लाख बाह्र हजार तीन सय अड्तिस मात्र) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ। यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् यस डेभलपमेन्ट बैंकको चुक्ता पूँजी रु.२६,२४,६७,६००/- (अक्षरेपी छब्बीस करोड चौवीस लाख सतसी हजार छ सय मात्र) हुनेछ।

६. हकप्रद शेयर निष्कासन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात् हुने डेभलपमेन्ट बैंकको चुक्ता पूँजीको संरचनाः

क्र.सं.	समूह	शेयरधनी	शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	"क"	संस्थापक शेयरधनीहरू	१८,३७,०८४	१८,३७,०८,४००	७०%	शतप्रतिशत
२.	"ख"	सर्वसाधारण शेयरधनीहरू (कर्मचारीहरू समेत)	७,८७,५९२	७,८७,५९,२००	३०%	शतप्रतिशत
		जम्मा	२६,२४,६७६	२६,२४,६७,६००	१००%	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

क्र.सं.	नाम	समूह	पद	शैक्षिक योग्यता	अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव	उमेर
१.	राम प्रसाद रोपाखेती	संस्थापक	अध्यक्ष	स्नातक, अर्थशास्त्र	मिति २०२९ देखि मिति २०५० सम्म राष्ट्रिय वाणिज्य बैंकमा अधिकृत पदमा कार्यरत रहनु भएको।	६८ वर्ष
२.	गणेश मान प्रधान	संस्थापक	सञ्चालक	स्नातकोत्तर एमपिए, एल.एल.एम	नेपाल कानुन समाजमा मिति १९९८ देखी वरिष्ठ कार्यक्रम र वित्त अधिकृतको रुपमा कार्यरत, अधिवक्ता र मिति २०७५ देखि NIST College स्नातक तहमा कानुन विषयमा अध्यापन गराउदै।	४७ बर्ष
३.	रमेश पौडल	सर्वसाधारण	सञ्चालक	स्नातक, व्यवस्थापन	मिति २०६२ देखि बिभिन्न संस्थाहरुमा लेखा प्रमुख भई कार्य गर्दै आउनु भएको र २०७३ देखि हालसम्म नारायणी डेभलपमेन्ट बैंक लि.मा सञ्चालकको पदमा कार्यरत रहनु भएको।	३८ वर्ष
४.	बलराम पौडेल	-	स्वतन्त्र सञ्चालक	स्नातकोत्तर अर्थशास्त्र	मिति २०४५ देखि मिति २०७५ सम्म नेपाल राष्ट्र बैंकमा ३० वर्षको अवधिमा विभिन्न पदमा कार्य गरी निर्देशक पदवाट अवकाश प्राप्त।	५७ वर्ष

नोटः रिक्त रहेको सञ्चालक पद संख्या एक (१) को लागि यस हकप्रद शेयर बाँडफाँट पश्चात् बस्ने सञ्चालक समितिको बैठकले नियुक्त गर्ने र उक्त नियुक्तिलाई आगामी साधारण सभाबाट अनुमोदन गराउने।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरणः

नाम : पशुपति पौडेल ठेगाना : पौवादुडमा गा.पा.-२, भोजपुर। शैक्षिक योग्यता : स्नातकोत्तर

अनुभव : मिति २०६९ देखि मिति २०७५ सम्म एस.भि. एकेडेमी, बुद्धनगर, सि.सि.आर.सि. कलेज, वालकुमारी, आइडियल कलेज मैजुबहाल, न्युटाउन कलेज, नारायणटार, निलबाराही उ.मा.वि. कालिमाटीमा प्राध्यापकको रुपमा कार्यानुभव, २०७३ फाल्गुण १३ गतेदेखि २०७४ आश्विन ३ गतेसम्म नारायणी डेभलपमेन्ट बैंक लि.मा सञ्चालकको पदमा कार्यरत रहनु भएको, २०७४ आश्विन ४ गतेदेखि मिति २०७५ पौष ६ गतेसम्म नारायणी डेभलपमेन्ट बैंक लि.मा अध्यक्षको पदमा रहनु भएको र मिति २०७६ कार्तिक २६ गतेदेखि हालसम्म नारायणी डेभलपमेन्ट बैंक लिमिटेडमा प्रमुख कार्यकारी अधिकृतको पदमा कार्यरत रहनु भएको।

८. संचालक समितिको बनौट :

यस डेभलपमेन्ट बैंकको नियमावलीको भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालकहरू रहेको सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

(क) समूहका संस्थापक शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरू	३ जना
(ख) समूहका सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालक	१ जना
(ग) सञ्चालक समितिको सिफारिसमा साधारण सभाबाट नियुक्त स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	५ जना

यस डेभलपमेन्ट बैंकको सञ्चालकको पदमा नियुक्त हुनका लागि आफ्नो नाममा यस वित्तीय संस्थाको न्यूनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ यस्तो शेयर धितोबन्धकमा रहेको हुनु हुँदैन। तर संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक तथा बैकल्पिक सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन।

९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

यस विवरणपत्र मार्फत हाल कायम चुक्ता पूँजी रु.१३,१२,३३,८००/- को एक शेयर बराबर नयाँ एक शेयर (१ : १) (अर्थात् विद्यमान एक कित्ता साधारण शेयर बराबर नयाँ एक कित्ता शेयर) को अनुपातमा साविकका शेयरधनीहरूको लागि रु.१३,१२,३३,८००/- बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरका १३,१२,३३८ कित्ता हकप्रद शेयर निष्कासन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्काशन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरूले आफ्नो नाममा कायम रहेको साधारण शेयरको एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा प्रति शेयर अंकित मूल्य रू.१००/- का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन्। साविक शेयरधनीले चाहेमा आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरूको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरूले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरूको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तैः शिलबन्दी बोलपत्रद्वारा लिलाम बढाबढ) बाट बिक्री गर्नेछ। यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ता सबैलाई समान अवसर प्रदान गरिनेछ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने /नपाउने सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद शेयरको लागि दरखास्त दिन पाइने छैन। तर साविक शेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरूको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ। शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई पूर्ण कित्ताको रुपमा नपुग रकम समेत लिई दरखास्त लिने व्यवस्था गरिनेछ।

१३. डेभलपमेन्ट बैंकको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात

(रु.हजारमा)

सम्पत्ति	वास्तविक आ.ब. २०७४/०७५	वास्तविक आ.ब. २०७५/०७६	वास्तविक आ.ब. २०७६/०७७	(अपरिस्कृत)* आषाढ मसान्तसम्मको २०७७/७८	प्रक्षेपित** आ.ब. २०७८/०७९	प्रक्षेपित** आ.ब. २०७९/०८०	प्रक्षेपित** आ.ब. २०८०/०८१
नगद तथा नगद सामान	८५,३९९	५२,६३९	१,०४,१०१	१,०४,६०५	३,९७,५३६	४,००,४९६	४,९४,९६९
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने वक्यौता	३६,२५१	४,४६०	४,४६०	१९,०३७	१७,२२६	५१,६७८	१,१८,५५९
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	-	-	-	-	-	-	-
डेरिभेटिभ वित्तीय उपकरण	-	-	-	-	-	-	-
अन्य व्यापारिक सम्पत्तिहरु	-	-	-	४,०००	५,०००	१,५०,०००	२,००,०००
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा	-	-	-	१५,७९२	१६,५४८	१७,३७५	१८,२४४
ग्राहकलाई कर्जा तथा सापटी	२,६९५	३,१९३	२,९९४	६८,९९९	४,३३,४६५	१३,०१,२८९	३०,०२,६११
धितोपत्रमा लगानी	२५,६०१	५,९८७	२७१	४९५	५१,६७८	५१,६७८	१,१८,८५९
चालु कर सम्पत्ति	८,३०९	९,२६६	९,६३२	९,७९१	१०,४८०	१३,१२४	१५,५७८
सहायक कम्पनीमा लगानी	-	-	-	-	-	-	-
सम्बद्ध कम्पनीमा लगानी	-	-	-	-	-	-	-
सम्पत्तिमा लगानी	८,८६८	७,९८३	७,९८३	५,५८९	२,५३५	-	-
सम्पत्ति तथा उपकरण	२,२०७	१,४७९	७५२	९,७०८	१५,३१९	१९,०८८	२१,३३०
गुडवील (ख्याती) र अमूर्त सम्पत्ति	-	-	-	४,७१८	८,१८९	१०,९८३	१३,०३१
स्थगन कर सम्पत्ति	-	-	-				
अन्य सम्पत्ति	३,८९८	५,९११	४,०६२	८३,०३८	५६,६४९	५२,४०१	८६,०९०
कुल सम्पत्ति	१,७३,२२६	९०,९१७	१,३४,२५४	३,२५,७७२	१०,१४,६२५	२०,६८,११२	४०,८९,५७२

दायित्व	वास्तविक आ.ब. २०७४/०७५	वास्तविक आ.ब. २०७५/०७६	वास्तविक आ.ब. २०७६/०७७	(अपरिस्कृत)* आषाढ मसान्तसम्मको २०७७/७८	प्रक्षेपित** आ.ब. २०७८/०७९	प्रक्षेपित** आ.ब. २०७९/०८०	प्रक्षेपित** आ.ब. २०८०/०८१
बैंक तथा वित्तीय संस्थालाई तिर्न बाँकी	-	-	-	-	-	-	-
नेपाल राष्ट्र बैंकलाई तिर्न बाँकी	-	-	-	-	-	-	-
डेरिभेटिभ वित्तीय उपकरण	-	-	-	-	-	-	-
ग्राहकबाट निक्षेप दायित्व	१,००,८५६	२५,७६८	२५,८४९	९८,४७०	४,९२,१७१	१४,७६,५१४	३३,९५,९८१
सापटी	-	-	-	-	-	-	-
चालु आयकर दायित्व	-	-	-	-	-	-	-
व्यवस्था	४३,८२०	४०,३४३	४०,७५०	१०८,७०४	१४,०१२	७,४९२	४,२२२
स्थगन कर दायित्व	६,०८७	३,३६२	१,९४८	१,६५४	१,४८८	१,३३९	१,२०५
अन्य दायित्व	३३,८३४	३३,०७७	२५,१३४	३५,९८१	२३,१३०	३३,४७६	३५,२४०
जारी गरिएको ऋणपत्र	-	-	-	-	-	-	-
सुरक्षण नराखिएको आवद्यिक दायित्व	-	-	-	-	-	-	-
कुल दायित्व	१,८४,५९७	१,०२,५५०	९३,६८०	२,४४,८०८	५,३०,८०१	१५,१८,८२१	३४,३६,६४९
पूँजी							
शेयर पूँजी	६५,६१७	६५,६१७	६५,६१७	१,३१,२३४	५,२४,९३५	५,२४,९३५	५,२४,९३५
शेयर प्रिमियम	-	-	-	२,९५७	१०,४५७	१०,४५७	१०,४५७
संचित मुनाफा	(२,१५,१५७)	(२,०९,४२२)	(२,०७,५०४)	(२,१८,३०७)	(१,८३,६९२)	(१,३६,४५५)	(६९,०४१)
जगेडा कोषहरु	१,३८,१७०	१,३२,१७३	१,८२,४६१	१,६५,०८०	१,३२,१२४	१,५०,३५४	१,८६,५७१
शेयरधनीहरुलाई बाँडफाँड कूल पूँजी	(११,३७१)	(११,६३३)	४०,५७४	८०,९६४	४,८३,८२४	५,४९,२९१	६,५२,९२३
गैर नियन्त्रित स्वार्थ	-	-	-	-	-	-	-
कुल पूँजी	(११,३७१)	(११,६३३)	४०,५७४	८०,९६४	४,८३,८२४	५,४९,२९१	६,५२,९२३
जम्मा दायित्व र पूँजी	१,७३,२२६	९०,९१७	१,३४,२५४	३,२५,७७२	१०,१४,६२५	२०,६८,११२	४०,८९,५७२

नाफा-नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक आ.ब. २०७४/०७५	वास्तविक आ.ब. २०७५/०७६	वास्तविक आ.ब. २०७६/०७७	(अपरिस्कृत)* आषाढ मसान्तसम्मको २०७७/७८	प्रक्षेपित** आ.ब. २०७८/०७९	प्रक्षेपित** आ.ब. २०७९/०८०	प्रक्षेपित** आ.ब. २०८०/०८१
व्याज आम्दानी	१४,५६४	२,३७४	२,३७८	२,२५३	४७,४४२	१,३२,९२५	३,१०,३०५
व्याज खर्च	२,६१५	७१६	४९५	३,२०८	२८,८७५	७८,७४७	१,९४,९००
खुद व्याज आम्दानी	११,९४९	१,६५८	१,८८३	(९५५)	१८,५६७	५४,१७८	१,१५,४०६
शुल्क तथा कमिशन आम्दानी	-	-	-	-	२,७७५	१४,७३६	२१,९०७
शुल्क तथा कमिशन खर्च	-	-	-	१४	६५	७१	७९
खुद शुल्क र कमिशन आम्दानी	-	-	-	(१४)	२,७१०	१४,६६४	२१,८२९
खुद व्याज, शुल्क र कमिशन आम्दानी	११,९४९	१,६५८	१,८८३	(९६८)	२१,२७६	६८,८४२	१,३७,२३५
खुद व्यापारिक आम्दानी	-	-	-		-	-	-
अन्य सञ्चालन आम्दानी	२३,६२९	१,४१६	६४१	२,११४	२२,२१७	१८,४०३	२१,३२६
जम्मा सञ्चालन आम्दानी	३५,५७८	३,०७४	२,५२४	१,१४६	४३,४९४	८७,२४६	१,५८,५६१
कर्जा जोखिमको व्यवस्था/(फिर्ता) तथा अन्य नोक्सानी	(३८,४४८)	(६,१३१)	(१,७३७)	(११,९९०)	(१८,८२७)	(१३,८१५)	९,५५०
खुद सञ्चालन आम्दानी	७४,०२६	९,२०४	४,२६२	१३,१३६	६२,३२१	१,०१,०६०	१,४९,०११
सञ्चालन खर्च							
कर्मचारी खर्च	३,९८५	२,९८४	२,२८५	८,७३२	१३,२४४	१८,८४७	२२,६३७
अन्य सञ्चालन खर्च	६,१२७	६,७७२	३,८३१	१३,४२०	१२,८४५	१६,२५२	१८,८७९
ह्रास कट्टी र परिशोधन	७२८	७२८	७२८	२,१३८	८,०१४	१२,०९१	१६,६८८
सञ्चालन मुनाफा	६३,१८६	(१,२७९)	(२,५८३)	(११,१५३)	२८,२१८	५३,८७०	९०,८०७
गैर सञ्चालन आम्दानी	६,६०६	-	-	-	७,४५७	३,७२८	-
गैर सञ्चलन खर्च	७,६७६	-	-	-	-	-	-
आयकर अघिको मुनाफा	६२,११६	(१,२७९)	(२,५८३)	(११,१५३)	३५,६७५	५७,५९९	९०,८०७
आयकर खर्च	-	-	-				
चालु कर	-	-	-				
स्थगन कर खर्च/आम्दानी	२,४७७	(२,२१९)	(१,४४६)	(३५०)	(६,६६५)	(५,५२१)	(६,३९८)
यस अवधिको मुनाफा	५९,६३९	९४०	(१,१३७)	(१०,८०३)	४२,३४०	६३,१२०	९७,२०५
नाफा बाँडफाँड	-	-	-				
बैंकको शेयरधनी	५९,६३९	९४०	(१,१३७)	(१०,८०३)	४२,३४०	६३,१२०	९७,२०५
गैर नियन्त्रित स्वाथ	-	-	-				
यस अवधिको मुनाफा	५९,६३९	९४०	(१,१३७)	(१०,८०३)	४२,३४०	६३,१२०	९७,२०५

विगत तथा आगामी ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

(रु.हजारमा)

विवरण	वास्तविक आ.ब. २०७४/०७५	वास्तविक आ.ब. २०७५/०७६	वास्तविक आ.ब. २०७६/०७७	(अपरिस्कृत)* आषाढ मसान्तसम्मको २०७७/७८	प्रक्षेपित** आ.ब. २०७८/०७९	प्रक्षेपित** आ.ब. २०७९/०८०	प्रक्षेपित** आ.ब. २०८०/०८१
चुक्ता पूँजी	५५,५७२	५५,५७२	५५,५७२	१,३१,२३४	५,२४,९३५	५,२४,९३५	५,२४,९३५
जगेडा, कोष तथा संचित नाफा	(७६,९८८)	(७७,२४९)	(२५,०४३)	(५०,२७०)	(४१,१११)	२४,३५६	१,२७,९८८
प्रस्तावित बोनस शेयर***	१०,०४५	१०,०४५	१०,०४५		-	-	-
जम्मा	(११,३७१)	(११,६३३)	४०,५७४	८०,९६४	४,८३,८२४	५,४९,२९१	६,५२,९२३
अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	-	-
जम्मा (नेटवर्थ)	(११,३७१)	(११,६३३)	४०,५७४	८०,९६४	४,८३,८२४	५,४९,२९१	६,५२,९२३
शेयर संख्या (हजारमा)	६५६	६५६	६५६	१,३१२	५,२४९	५,२४९	५,२४९
प्रति शेयर नेटवर्थ	(१७.३३)	(१७.७३)	६१.८३	६१.६९	९२.१७	१०४.६४	१२४.३८
नेटवर्थमा प्रतिफल (% मा)	(५२४.५०%)	(८.०८%)	(२.८०%)	(१३.३४%)	८.७५%	११.४९%	१४.८९%
नेटवर्थमा औसत प्रतिफल (% मा)		(१७८.४६%)		(१३.३४%)		११.७१%	

निष्कासन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल = २.१५%
(Minimum Return on Increased Networth Required to Maintain Pre Issue (EPS)

नोटः * व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण।

** प्रक्षेपित वित्तीय विवरण यस डेभलपमेण्ट बैंक आफैले तयार पारेको र सो विवरण यथार्थपरक रहेको भनी प्रमाणित गर्ने विज्ञमा एफ.सि.ए.सुब्रत ढकाल, एमविएसडि एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेण्ट संस्था, भगवतिवहाल, नक्साल, काठमाण्डौ रहेको छ।

*** कुनै एक व्यक्ति तथा समुहको शेयर स्वामित्व १५ प्रतिशत भन्दा बढी भएकोले उक्त शेयर स्वामित्व १५ प्रतिशत वा सो भन्दा मुनी नआउन्जेल प्रस्तावित वोनस शेयरमा लेखाकंन गर्न नेपाल राष्ट्र बैंकबाट निर्देशन भएबमोजिम लेखाकंन गरिएको र हाल उक्त स्वामित्वमा रहने शेयरधनीहरुले हकप्रद वा स्वामित्व हस्तान्तरण गरिसकेका कारण आगामी दिनमा उक्त लेखाकंन गर्नुपर्ने आवश्यक्ता नरहको।

१४. वित्तीय संस्थाले गर्ने भएको काममा निहित सम्भावित जोखिमहरु :

(क) विद्यमान डेभलपमेन्ट बैंकहरूको प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरू।
(ख) डेभलपमेन्ट बैंकले प्रदान गरेको कर्जा खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरू।
(ग) देशको मौद्रिक नीति तथा नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृर्जना हुन सक्ने सम्भावित जोखिमहरू।
(घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरू।
(ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरू।
(च) देशको बैदेशिक ब्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटबढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरू।
(छ) निक्षेपको ब्याज दरमा आउने परिवर्तनबाट उत्पन्न हुनसक्ने जोखिमहरू।
(ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरू।
(झ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजित हुनसक्ने जोखिमहरू।
(ञ) कोभिड-१९ का कारण सिर्जित हुन सक्ने जोखिमहरु।
(ट) अन्य अप्रत्याशित घटनाबाट सृजना हुन सक्ने जोखिमहरू।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रू.१००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

डेभलपमेन्ट बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरूको लागि डेभलपमेन्ट बैंकले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यवस्था गरेको छ। डेभलपमेन्ट बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति डेभलपमेन्टमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरूबाट सिर्जना हुन सक्ने नोक्सानीको लागि ब्यवस्थापन चनाखो भई सम्भावित हानी-नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेको छ। यसको अलावा आफ्नो सेवालाई अझ गुणस्तरीय र प्रतिस्पर्धी बनाई उपभोक्तामुखी सेवाहरू प्रदान गरी मध्यकालिन तथा दीर्घकालिन कर्जा सापटीहरू खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि डेभलपमेन्ट बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ। त्यस्तै अन्य विभिन्न जोखिमहरू न्यूनिकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समय अनुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरूको निर्माण एंव समय अनुसार आफ्नो सेवा तथा सुविधाहरूमा परिवर्तन गर्दै लाने नीति डेभलपमेन्ट बैंकको रहेको छ।

१५. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(१) हकप्रद शेयर खरिद गर्नका लागि हकप्रद शेयरको निष्कासन पूर्व कम्पनीले सार्वजनिक सूचना मार्फत् जानकारी गराएको मिति सम्ममा शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरूले मात्र हकप्रद शेयर खरिद गर्न आवेदन दिन पाउनेछन्।

(२) हकप्रद शेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद शेयर संख्या समेत खोली कम्पनीद्वारा तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।

(३) हकप्रद शेयर खरिदका लागि दिइने आवेदन फाराममा देहायका विवरण खुलाउनु पर्नेछ।
(क) आवेदकको पूरा नाम (नेपाली तथा अङ्ग्रेजी दुवैमा) उल्लेख गर्नुपर्नेछ।
(ख) आवेदकको बाबु, आमा तथा बाजेको नाम उल्लेख गर्नुपर्नेछ।
(ग) आवेदक विवाहित भएमा श्रीमान् वा श्रीमतीको नाम उल्लेख गर्नुपर्नेछ।
(घ) आवेदकको स्थायी ठेगाना उल्लेख गर्नुपर्नेछ।
(ङ) आवेदकको सम्पर्क ठेगाना र टेलिफोन वा मोवाइल नम्बर उल्लेख गर्नुपर्नेछ।
(च) आवेदकको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना तथा खाता नम्बर उल्लेख गर्नुपर्नेछ।
(छ) धितोपत्र अभौतिकिकरण गर्ने (डिम्याट) खाता नम्बर उल्लेख गर्नुपर्नेछ।
(ज) आवेदकले लिन चाहेको शेयर सङ्ख्या तथा सो वापत जम्मा गरेको रकम स्पष्ट उल्लेख गर्नुपर्नेछ।
(झ) आवेदकको हस्ताक्षर (नाबालकको हकमा अभिभावकको हस्ताक्षर) हुनुपर्ने।
(ञ) आवेदन फाराम बुझाएको सङ्कलन केन्द्रको नाम तथा ठेगाना उल्लेख गर्नुपर्नेछ।
(ट) आवेदन फाराम बुझाएको मिति उल्लेख गर्नुपर्नेछ।

(४) हकप्रद शेयरका लागि आवेदन दिँदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर अंकित मूल्य रू.१००/- दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरू वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ।

(५) संयुक्त नाममा रहेका साविक शेयरधनीहरूले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।

(६) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो, सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ।

(७) तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ शेयर बापतको रकम दाखिल नगर्ने साविक शेयरधनीहरूले पछि हकप्रद शेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन।

(८) हकप्रद शेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा यस डेभलपमेन्ट बैंकको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।

(९) यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरूलाई नीजहरूले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यवस्था गरिने हुँदा नीजहरूले शेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। साथै कुनै पनि शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा शेयर कायम रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा त्यस्ता शेयरधनीको शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रूपमा कायम रहेको भएता पनि एउटै मात्र आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।

(१०)धितोपत्र अभौतिकिकरण गरि सक्नु भएका शेयरधनीहरुले CASBA मार्फत MERO SHARE बाट समेत हकप्रद शेयरका लागि आवेदन दिन सक्नु हुनेछ।

१६. यस डेभलपमेन्ट बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
०७५/०७६	नेपाल राष्ट्र बैंकबाट मिति २०७०।१२।२७ देखि समस्याग्रष्त घोषणा गरेको हुनाले।			
०७६/०७७	नेपाल राष्ट्र बैंकबाट मिति २०७०।१२।२७ देखि समस्याग्रष्त घोषणा गरेको हुनाले।			
०७७/०७८	८५१	२९५	६९७	१२,८७,१२५
महिना	**अधिकतम शेयर मूल्य (रु)**	**न्यूनतम शेयर मूल्य (रु)**	**अन्तिम बजार मूल्य (रु)**	**शेयर कारोबार संख्या**
२०७८ भाद्र	१२५१.१०	८६५	९३२	३,७०,५०४
२०७८ आश्विन	९३४	७००	७५४.८०	९४,६९५
२०७८ कार्तिक	८१८.७०	६४८.६०	७९०	९१,०५१

द्रष्टव्यः यस कम्पनीको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

१७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यबस्था अनुसार हकप्रद शेयरको निष्काशन बन्द भएको मितिले बढीमा पन्ध्र (१५) कार्य दिनभित्र बाँडफाँट गरी अभौतिक (Demat) रूपमा सम्बन्धित शेयरधनीको खातामा शेयर जम्मा गरे पश्चात राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ।

१८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस विवरण मार्फत निष्काशन गरिने हकप्रद शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्काशनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा निवेदन दिइनेछ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस कम्पनीको केन्द्रिय कार्यालय रत्ननगर-१, वकुलहर, टाँडी, चितवन तथा सर्वसाधारण शेयरधनीहरुले निष्कासन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ। सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ।

(क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्ने छ।
(ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्नेछ।
(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ।
(घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कूल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनु पर्नेछ।
(ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा प्रचलीत कानूनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन्। हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिवर्तन हुनेछैन। प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ।
(च) प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ।
(छ) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा कानून वमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
(ज) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ।
(झ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ। साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ।
(ञ) संचालक तथा आधारभूत शेयरधनीले आफूले हक हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला हुनुभन्दा तीन दिन अगाडि हक हस्तान्तरण गरि निष्कासन बैंकमा रकम जम्मा गर्नु पर्नेछ र अन्यको हकमा हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ।
(ट) कुनै पनि शेयरधनीहरुको शेयर बैंक तथा वित्तीय संस्था वा अन्य निकायबाट रोक्का रहेको सम्बन्धमा हक हस्तान्तरणको लागि निवेदन पेश गर्दाका बखत रोक्का गर्ने सम्बन्धित संस्था वा निकायको स्वीकृति पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

(१) नेपाल राष्ट्र बैंकको प.सं. वि.बै.सु.वि./नी.यो./०७७/७८ च.नं. ३२ मिति २०७७/०४/२१ को पत्रको शर्त नं. १ बमोजिम तोकिएको समयमा चुक्ता पुँजी कायम गर्न।
(२) मिति २०७७/१०/१६ मा सम्पन्न आ.व. २०७६/०७७ को साधारण सभाबाट पारित भए बमोजम हकप्रद शेयर जारी गरे पश्चात् कायम हुने चुक्ता पूँजीको २००% प्रतिशत हकप्रद शेयर निष्कासनका लागि अनुमोदन भएकोमा नेपाल राष्ट्र बैंकको पत्र संख्याः बै.वि.नि.वि/विकास बैंक/नारायणी/०७७/७८ मिति २०७८/०२/२० गतेको पत्रबाट संशोधन भई चुक्ता पूँजीको १००% प्रतिशतले हुने रू.१३,१२,३३,८००/- बराबरको १३,१२,३३८ कित्ता हकप्रद शेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न।
(३) कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
(४) कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरू अनुरुप गर्नुपर्ने कार्यहरूको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र कम्पनीको पूँजी आधारलाई मजबुत तुल्याइ राख्न।

२१. हकप्रद निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ :

विवरण	रकम (रु.)
१. कर्जा तथा लगानी अभिवृद्धि	१२,००,००,०००/-
२. भौतिक पूर्वाधार तथा शाखा विस्तार २ वटा	१,१२,३३,८००/-
जम्मा	१३,१२,३३,८००/-

२२. निष्कासन बैंक (बैंकर टु द ईस्यु) सम्बन्धी ब्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाताको नाम	खाता नम्बर
१.	ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाण्डौ।	GICL-BTI Narayani Right	०१०१०१०००७८५९

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काइस) दिनका लागि खुल्ला राखिनेछ। सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" को नियम १८ (२) बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिन सम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ।

२४. हकप्रद शेयर खरिदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, वडा नं. १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौ।**
२.	नारायणी डेभलपमेन्ट बैंकको रजिर्ष्टर्ड कार्यालय तथा शाखा कार्यालयहरू : रत्ननगर-१, वकुलहर, टाँडी, चितवन; यज्ञपुरी शाखा, वि.पि.के.एम. क्यान्सर हस्पिटल, भरतपुर-७, चितवन; भरतपुर शाखा, भरतपुर-१०, हाकिमचोक, चितवन।

**चेकबाट मात्र दरखास्त बुझिलिने व्यवस्था गरिएको छ।

नेपाल धितोपत्र बोर्डबाट इजाजत प्राप्त सि-आस्वा सेवामा सहभागि बैंक तथा वित्तीय संस्थाहरू।

उपरोक्त स्थानहरूको अलावा हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरूले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा ग्लोबल आइएमई क्यापीटल लि.को नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्टका साथ शेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी ग्लोबल आइएमई क्यापीटल लि., नक्साल, काठमाण्डौमा पठाईएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त सि-आस्वा सेवामा सहभागी अन्य बैंक वा वित्तीय संस्थाहरूमा समेत सि-आस्वा प्रणाली मार्फत शेयर दरखास्त फाराम बुझाउन सकिनेछ। शेयर बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिनेछैन। हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम निष्काशनकर्ता कम्पनी नारायणी डेभलपमेण्ट बैंक लि. को वेबसाइट www.ndbl.com.np वा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक ग्लोबल आइएमई क्यापीटल लि.को वेबसाइट www.globalimecapital.com बाट समेत डाउनलोड गरी भरेर पठाउन सकिनेछ र शेयरधनीहरूले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता डेभलपमेन्ट बैंकको वेबसाइट www.ndbl.com.np तथा निष्कासन तथा बिक्री प्रबन्धकको वेबसाइट www.globalimecapital.com बाट हेर्न सकिनेछ।

२५. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस डेभलपमेन्ट बैंकको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. ४,३७,०३,६००/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं।

यस हकप्रद शेयर निष्कासन सम्बन्धमा कुनै लगानीकर्ताहरूको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं वा फोन नं. ९७७-०१-४५४५६४९ मा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति : २०७८/०९/०७ गते

निष्कासन बन्द हुने मिति : २०७७/०९/२७ गते (बैकिङ्ग समय पश्चात्)

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"

कर्पोरेट कार्यालय, वकुलहर चोक, रत्ननगर-१, चितवन, नेपाल
फोनः ०५६-५६१२५८/५६०६०८ फ्याक्सः ५६/५६१६७०
इमेलः info@ndbl.com.np वेभसाईटः www.ndbl.com.np

कार्यालय प्रयोजनको लागि	
शेयरको विवरण	कित्ता
भौतिक	
अभौतिक	
जम्मा कित्ता	

हकप्रद शेयर खरीद दरखास्त फाराम

सि.नं.

Global IME Capital Limited — ग्लोबल आइएमई क्यापीटल लि.

DP ID

CLIENT ID

PAN No.	Phone No.
Father's Name	
Grand Father's Name	
Guardian's Name	

Sources of Fund (For Rs. One million and above as per AML/CFT, Direction, 2076 issued by SEBON)

यो रसिद हराई अकोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ

हकप्रद शेयर खरीद रसिद

Global IME Capital Limited — ग्लोबल आइएमई क्यापीटल लि.

Applicant's Name	
Company's Name	Narayani Development Bank Ltd.
No. of Shares Applied	Call Money per Share Rs.100 / Amount Deposited
Amount in Words	

For Official Use Only: Received by: / Shareholder No. / Date: / Stamp / Code No.

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:

Global IME Capital Limited — GROW WITH US

ग्लोबल आइएमई क्यापीटल लि.

पो.ब.नं. २१५९९, वडा नं १, लक्ष्मण बाबु भवन, नक्साल, काठमाण्डौ
फोन. नं. ४५४५६४९ फ्याक्स नं. ४५४५९०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०७८ मंसिर १७ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित गर्ने।